**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ सितम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. रक्षामन्त्री राजनाथ सिंहले वर्ष २०२० देखि २०२३ सम्म लद्दाखए सिक्किम र अरुणाचल प्रदेशमा पर्यटनमा ३०% वृद्धि भएको बताउनु भएको छ।

२. परमहंस कृष्णानन्द कालिदास महाराजजी आज दार्जीलिङका सांसद राजु विष्टसँग दार्जीलिङ भ्रमणमा आइपुग्नु भएको छ।

३. आकास जनसेवा सहकारी समितिको नयाँ बीओडी चुनाव आगामी ८ अक्टोबरमा हुने भएको छ|

४. कालेबुंगको लोवर बोङ बस्तीको क्लस्टर भवनमा राष्ट्रिय पोषण दिवस पालन गरिएको छ।

५. पार्वत्य कर्मचारी संगठनद्वारा सरकारी कार्यलयहरुमा सी अनि डी वर्गको कर्मचारी नियुक्तिमा स्थानीय शिक्षित बेरोजगारहरूले प्राथमिकता पाउनु पर्ने माग राखेको छ।

**<u>रक्षामन्त्री राजनाथ सिंह</u>**

रक्षामन्त्री राजनाथ सिंहले वर्ष २०२० देखि २०२३ सम्म लद्दाखए सिक्किम र अरुणाचल प्रदेशमा पर्यटनमा ३०% वृद्धि भएको बताउनु भएको छ। पछिल्ला केही वर्षहरूमा कश्मीरमा पनि पर्यटनमा वृद्धि भएको कारण रोजगारको अवसर सिर्जना र सुधारमा मद्दत गरेको श्री सिंहले बताउनु भयो| उहाँले जब स्थानीय अर्थतन्त्र विकास हुन्छ तब सकारात्मक परिणामहरू देखिने बताउनु भएको छ।

****** ० ******

**<u>जुरेयल ह्याण्ड मेड साबुन</u>**

दिल्लीको ताल कटोरा इन्डोर स्टेडियममा हाम्रो स्वाभिमान ट्रष्ट दिल्लीले आयोजना गरिएको नेपाली जातिको विश्वविख्यात हरितालिका तीज संस्कृति महोत्सवमा दार्जीलिगं नागरी धजेको युवा द्वारा निर्मित औषधीय हर्बल साबुन प्रसार प्रचार अनि बिक्री असल भएको जानकारी प्राप्त भएको छ। नागरी धजेको शिशल राईको परिवारले बनाएको जुरेयल ह्याण्ड मेड साबुन तितेपाती ए बनमारा (कालीझार)ए एलोभेराए हल्ली चन्दनए चामलए प्रमुख रह्यो भने तितेपाती एलोभेरा चामलको साबुन बिक्री अधिक थियो । हाम्रो स्वाभिमान ट्रष्ट दल्लीको संस्थापक श्रीमान प्रेम छेत्री एवं टिमले महत्वपूर्ण सहयोग प्रदान गरेको थियो। यसका साथै भविष्यमा दिल्लीमा रहेको संघ संस्थाहरूले पहाडको स्थानीय उत्पादनहरूको प्रचार प्रसार बिक्रीलाई बिशेष स्थान दिने निर्णय गरेको छ ।१७ सितम्बरको दिन दिल्लीमा मनाई रहेको बिश्वकर्म पूजाको आयोजक समितिले पनि जुरेयल ह्याण्ड मेड साबुनको प्रचार प्रसार बिक्रीको निम्ति सहयोग गर्ने भएको छ|साबुनको मांग दिल्ली एन सी आरमा बढि रहेको छ । औषधीय गुणले बनेको साबुन अधिक मूल्यमा किनेर उपभोग गर्नु पनि दिल्ली एन सी आर गोर्खे सन्तान ईच्छुक रहेको थाहा लागेको छ । दार्जीलिगंको स्थानीय उद्योग, हस्त शिल्पहरूलाई राष्ट्रीय स्तरमा स्थान दिने जमर्को चलीरहेको छ।

****** ० ******

**<u>युवतीको हत्याको आरोप</u>**

सिलगढीमा कालचिनीकी २४ वर्षीय युवतीको सोमबार राती अस्वभाविक मृत्यु भएपछि परिवार पक्षले यस मृत्युलाई हत्याको आरोप लगाउँदै सिलगढीको भक्तिनगर थानामा प्राथमिकी दर्ता गरेको छ। यसै घटनालाई केन्द्र गरी आज कालचिनीका विधायक विशाल लामाए डाबग्राम-फूलबारीका विधायक शिखा च्याटर्जीलगायत अन्यले भक्तिनगर थानामा पुगेर आरोपी सुमन शिललाई चाँडो पक्राउ गरिनुपर्ने माग गरेका छन्। उहाँहरूले लगातार यस्ता विभिन्न घटनाहरू घटिरहेकोमा बङ्गाल सरकारमाथि आरोप लगाउनुभयो। उहाँहरूले प्रशासन कछुवाको गतिमा चलिरहेको अनि घटनाको २४ घण्टामा पनि आरोपी सुमन शिललाई पक्राउ नगरेको भन्दै भोलिसम्मको अल्टिमेटम दिएका छन्। भक्तिनगर थानाका पुलिस अधिकारीहरू सँग कुराकानी गरे पश्चात्

विधायकद्वयले यसै घटनालाई लिएर सिलगढी पुलिस कमिस्नरलाई भेट्न सिलगढी पुलिस कमिस्नरेट जाने बताउनुभयो। घटनाको जानकारी पाए लगतै हिज बेलुकी क्षेत्रका संसद राजु बिस्ट उत्तर बंगल मेडिकल कलेज तथा अस्पताल पुगी परिवार पक्षलाई भेट गर्नु भएको थियो|

****** ० ******

**परमहंस कृष्णानन्द दार्जीलिङ भ्रमण**

परमहंस कृष्णानन्द कालिदास महाराजजी आज दार्जीलिङका सांसद राजु विष्टसँग दार्जीलिङ भ्रमणमा आइपुग्नु भएको छ। महाराजजीले महाकाल मन्दिरको दर्शन गरी मल रोडस्थित भानुभवनमा सार्वजनिक सम्बोधन र दर्शन कार्यक्रममा उपस्थिति दिनु भयो।

****** ० ******

**घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशन**

घूम-जोरबङ्गलो पिपल्स अर्गनाइजेशनले गत जूलाई महिनातिर सडकको लेभलमा भएको रेलवे ट्र्याकलाई लेभलमा राखिदिने अनुरोध प्रेस मार्फत गरेका थिए। बिशेष जोरबङलोमा पर्यटन  मौसममा घन्टौ बाहन जाम हुने समस्या मिडियामा बताएका थिए। उक्त खबरको असरले अहिले यो काम शुरु गरिएकोमा सांसद राजु बिष्टए  रेलवे अधिकारी तथा राष्ट्रिय  राजमार्ग विभागप्रति अर्गनाइजेशनले आभार प्रकट गरेका छन्। यस कामलाई निरन्तरता दिइयोस् भनी महासचिव ठेण्डुप वाङ्दीले आग्रह गर्नु भयो।

****** ० ******

**प्रणाम रसाइली**

आरआर ब्लक अन्तर्गत ११  वटा ग्राम पञ्चायतका प्रधानए  ८  वटा चियावारीका प्रबन्धकए  सभासदहरूलाई लिएर वागवानी विभागका सभासद प्रणाम रसाइलीले एक बैठकको आयोजना गर्नुभयो| बैठकको औचित्य बगानका म्यानेजरहरुलाई जीटीए अनि विभागको कार्य सम्बन्धी अवगत गर्नु रहेको थियो। पर्यटनए  कृषि आदिको याेजना चियाबारी क्षेत्रमा परिचालन गर्दा म्यानेजरहरुले एनओसी दिनु अनिवार्य रहेको हुन्छ। श्रमिकहरूलाई सुविधा होस भनेर यस विषयलाई आजको बैठकमा विशेष चर्चा रहेको थियो। समाज अनि चिया श्रमिकको हितको निम्ति चिया प्रबन्धनले सहयोग गर्नेपर्ने  बताइएको छ। चियाबारी क्षेत्रमा विभागले बागवानी सम्बन्धित योजनाहरु कार्यान्वय गर्नु थालेको छ। केहि दिन अघि मात्र मिरिक क्षेत्रका चियाबारीमा विभागले पोलीहाउस वितरण गरेको थियो। जी टी ए  ले पहाडको सबै चियाबारी मा बागवानी का योजनाहरु परिचालन गर्ने योजना रहेको बताइएको छ।

****** ० ******

**खरसाङ नगरपालिका**

खरसाङ बजार क्षेत्रमा देखिएको ट्राफिक जामको समस्यालाई लिएर आज खरसाङ नगरपालिकाको आयोजनामा सभा सम्पन्न भएको छ। उक्त सभामा खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङए  उपाध्यक्ष सुवास प्रधान लगायत दार्जिलिङ आरटीओबाट एमभीआईए  खरसाङ ट्राफिक पुलिस ओसी सञ्जीव दत्त साथै खरसाङ नगरपालिकाको अधिकारीहरू उपस्थित रहेका थिए। खरसाङ बजार क्षेत्रमा ट्राफिक जामको समस्याले गर्दा जनसाधारणए  विद्यार्थीहरू र वरिष्ठ नागरिकहरूलाई भईरहेको असुविधालाई ध्यानमा राखेर खरसाङ नगरपालिकाद्वारा जिल्लापाललाई गरेको पत्रचारको आधारमा आजको सभा सम्पन्न भएको बताइएको छ। उक्त सभामा खरसाङ बजार क्षेत्रमा ट्राफिको जामको समस्या समाधान गर्ने विषयमा चर्चा परिचर्चा गरिएको छ। यसको साथै खरसाङमा स्थायी रूपमा पार्किङ स्थल नबनिएसम्म अस्थायी रूपमा पार्किङक लागि स्थानहरूको पनि सभापि निरीक्षण गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**आकास जनसेवा सहकारी समिति**

आकास जनसेवा सहकारी समितिको नयाँ बीओडी चुनाव गरिने भएको छ। यस विषय सरकारी नियम अनुरूप चुनावको मिति तय गरिएको बोर्ड अफ डाइरेक्टर्सका सदस्य हेम कुमार सापकोटाले जानकारी गराउनु भएको छ। चुनावको नोटिस विषय लिन शेयर होल्डरहरुले आकास कार्यलयमा सम्पर्क गर्न सक्ने पनि उहाँले बताउनु भएको छ। आगामी ८ अक्टोबरमा चुनाव गरिने अनि

यसको निम्ति आगामी १८ सेप्टेम्वर देखि २१ सेप्टेम्वरमा फारम भर्न सकिने जनाइएको छ। पत्रकार सम्मेलनमा उपाध्यक्ष अनिता भुषाल अनि बोर्ड सदस्य पीके प्रधान उपस्थित रहेका थिए।

****** ० ******

**तारा सुन्दास**

जीटीए-का अस्थायी कर्मचारीहरूको स्थायीकरणको पहल झट्ट गरिनु पर्ने माकपा नेता तारा सुन्दासले मांग राख्नु भएको छ । स्थायीकरण गर्ने पहल गर्नको  साटो जीटीए-ले ५० जना अस्थायी कर्मचारीको स्थान्तरण गरिएको कुराको उठान गर्दै उहाँले ति कर्मचारीहरुको स्थान्तरण रद्द गरिनु पर्ने आव्हान गर्नु भएको छ।

****** ० ******

**हिल्स तृणमूल कंग्रेस**

पश्चिम  बंगाल सरकार उत्तर बंगाल विकास  विभागका  मन्त्री प्रभारी    उदयान गुवासित आज  हिल्स तृणमूल कंग्रेस चेयरम्यान  एंव मिरिक नगरपालिका  अध्यक्ष  एलबी राईए हिल्स तृणमूल कंग्रेस  अध्यक्ष  श्रीमती शान्ता छेत्रीएतृणमूल कंग्रेस  युवा एकाईका संयाेजक बिकास सुब्बा आदिले भेट गरि  पहाडमा गरिने कतिपय बिकास कार्यहरूबारे चर्चा गरेको जानकारी  प्राप्त भएको छ।यस अवसरमा हिल्स तृणमूल कंग्रेसका पदाधिकारीहरूले दार्जिलिङ पहाडको बिकास र विस्तारमाथि व्यापक चर्चा पनि गरेको बताईएको  छ।

****** ० ******

**भागोप्रमोद्वरा आले खेल मैदानमा सफाई**

भारतीय गोर्खा प्रजातान्त्रिक  पार्टी मिरिक थर्बु डुप्टिन समष्टि एसियोक गोपालधारा ओकेटी समष्टिका युवा शक्ति  अनि भागोप्रमो कार्यकर्ताहरूले बुधबार  मिरिक आले खेल मैदानमा व्यापक सफाई अभियान चलाएको छ। गत  सोमबार मिरिक  आले खेल मैदानमा भागोप्रमोले चौथो स्थपना दिवस भब्यरूपमा पालन गरेको थियो भने     यस अवधि   खेल मैदान परिसरमा फोहोर थुप्रिएको थियो । जसलाई संग्रह गरेर उचित ब्यावस्थापन गर्ने कार्य   मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईए  सियोक गोपालधारा ओकेटी समष्टि  सभासद धुर्ब बम्जनए  पन्चायत  समिति सदस्य  समीर राईएपन्चायत  सदस्य दिमुक तामाङ  आदिको नेतृत्वमा   सफाई   युवा शक्तिका युवाहरूले गरे। आले खेल मैदानलाई सफा राख्ने उदेश्यले उक्त सफाई अभियान गरिएको जानकारी   गराँउदै युवा शक्ति  मिरिक महकुमा अध्यक्ष  उमेस तोलाङ्गी अनि  पन्चायत  समिति सदस्य  समीर राईले मिरिकको आले खेल मैदानमा रहेको फोहोरको सठीक  ब्यावस्थापन गर्ने कार्य   गरिएको जानकारी दिनु भयो।

****** ० ******

**पार्वत्य कर्मचारी संगठन**

सरकारी कार्यलयका सी अनि डी वर्गको कर्मचारी नियुक्तिमा स्थानीय शिक्षित बेरोजगारहरूले प्राथमिकता पाउनु पर्ने पार्वत्य कर्मचारी संगठनद्वारा माग राखिएको छ। उक्त माग लिएर सभापति विष्णु प्रसाद छेत्रीए  कालेबुङ जिल्ला सचिव डीके क्षेत्री,  कार्यकारी सदस्य लोप्साङ तामाङ अनि केन्द्रीय कोषाध्यक्ष ध्रुव छेत्रीको टोलीद्वारा कालेबुङ जिल्लापाललाई ज्ञापन पत्र बुझाएको छ । स्थानीय बेरोजगारलाई नै रिक्त पदमा मौका दिनुपर्ने सभापति विष्णु प्रसाद छेत्रीले माग राख्नु भएको छ ।

****** ० ******